# सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
# चौथौं विशेष साधारण सभाको
# काम कारवाहीको विवरण
# (माइन्यूट)

## १. वैधानिक सभा

कम्पनी ऐन २०६३ र बैंकको नियमावली बमोजिम बैंकको चौथौं विशेष साधारण सभा सञ्चालक समितिका अध्यक्ष बालकृष्ण प्रसाँईज्यूको सभापतित्वमा तल उल्लेखित मिति, समय र स्थानमा बसी देहायका विषयहरु उपर छलफल तथा देहाय बमोजिम निर्णय भयो ।

## २. सभाको मिति, स्थान र समय

| | |
|---|---|
| सभा हुने मिति | :- २०७२ साल आश्विन २८ गते (अक्टोवर १५, २०१५) बिहीबार |
| स्थान | :- अमृत भोग, कालिकास्थान, डिल्लीबजार, काठमाण्डौं |
| सभा सुरु हुने समय | :- मध्यान्ह १.०० बजे |

## ३. सभाको सूचना

कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम बैंकको चौथौं विशेष साधारण सभाको सूचना तथा सभामा छलफल हुने विषयहरु सम्बन्धी सम्पूर्ण प्रस्तावहरु सबै शेयरधनीहरुको व्यक्तिगत ठेगानामा पठाउनुको साथै माउन्टेन टेलिभिजन मार्फत २०७२/०६/१३ मा सुचना प्रकाशित गरिएको थियो । साथै, २०७२/०६/१४ गते हिमालय टाइम्स दैनिक पत्रिकामा र २०७२/०६/१५ को आर्थीक दैनिक पत्रिकामा सभा हुने स्थान, मिति, समय र छलफल हुने विषयको सुचना पनि शेयरधनी महानुभावहरुमा जानकारीको लागि प्रकाशित गरिएको थियो । सभा सम्वन्धी सम्पूर्ण विवरण बैंकको web site www.ctznbank.com मा मिति २०७२/०६/१४ मा प्रकाशित गरिएको थियो ।

## ४. छलफलको विषयहरु

### क. विशेष प्रस्तावहरु

१. सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले प्रिमियर फिनान्स लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्न मिति २०७१।११।२० मा दुबैपक्ष बिच गरिएको सहमतीलाई नेपाल राष्ट्र बैकबाट सैद्वान्तिक सहमति प्राप्त भएको हुँदा उक्त वित्तिय संस्थालाई प्राप्ति (एक्विजिसन) गर्न गरिएको सहमतिलाई अनुमोदन गर्ने ।

२. सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले प्रिमियर फिनान्स लिमिटेड लाई प्राप्ति (एक्विजिसन) गर्ने प्रयोजनका लागि मूल्याङ्कन कर्ताबाट प्राप्त प्रिमियर फिनान्स लिमिटेडको चल/अचल सम्पत्ति र दायित्व मूल्याङ्कन प्रतिवेदन (Due Diligence Audit), प्राप्ति (एक्विजिसन) पश्चातका व्यावसायिक अवसरहरु, सम्पत्ति एवं दायित्वको बजार मूल्य, वर्तमान जोखिम अवस्था समेतका आधारमा प्रिमियर फिनान्स लिमिटेडको १० कित्ता शेयरलाई सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको २.८ कित्ता शेयर दिने गरी शेयर मूल्य अनुपात (Share Swap Ratio) कायम गर्ने र प्रिमियर फिनान्स लिमिटेड लाई प्राप्ति (एक्विजिसन) गर्न स्वीकृति प्रदान गर्ने ।

ख. विविध

५. **उपस्थिति**

**५.१ कम्पनी ऐन, २०६३ को दफा ६८ अनुरुप उपस्थित सञ्चालकहरु**

| | | |
|---|---|---|
| १. | श्री बालकृष्ण प्रसाई | अध्यक्ष |
| २. | श्री मनोहर दास मुल | सञ्चालक |
| ३. | श्री प्रकाश चन्द्र मैनाली | सञ्चालक |
| ४. | श्री पवित्र कुमार कार्की | सञ्चालक |
| ५. | श्री अर्जुनलाल राजबंशी | सञ्चालक |
| ६. | श्री विजय ध्वज कार्की | सञ्चालक |

**५.२ अन्य पदाधिकारीको उपस्थिति**

| | | |
|---|---|---|
| १. | श्री राजन सिंह भण्डारी | प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री गणेश राज पोखरेल | कम्पनी सचिव |

**५.३ शेयरधनीहरुको उपस्थिति**

| | | | |
|---|---|---|---|
| १. | स्वयम् उपस्थित हुने शेयरधनीको संख्या | : | ९३९ |
| २. | प्रतिनिधि पत्र मार्फत उपस्थित हुने शेयर धनी संख्या | : | १७३ |
| ३. | जम्मा उपस्थित संख्या | : | १,११२ |

६. **गणपूरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ अनुरुप)**

| विवरण | कूल संख्या | जम्मा उपस्थिति | कूल शेयरको प्रतिनिधित्व |
|---|---|---|---|
| शेयरधनी संख्या | ६५,५६९ | १,११२ | ५४.२४ प्रतिशत |
| समूह “क” | ३२७ | १५० | ४३.३३ प्रतिशत |
| सर्वसाधारण समूह “ख” समूह | ६४,८१३ | ९०७ | २.५२ प्रतिशत |
| सर्वसाधारण समूह “ख१” समूह | ४२९ | ५५ | ८.३९ प्रतिशत |
| शेयरधनीहरुले ग्रहण गरेको कूल शेयर कित्ता | २,५५,४३,६१५.१४ | | १००.०० प्रतिशत |

७. **सभाको वैधानिकता र सभाको सभापतित्व**

७.१ कम्पनी ऐन, २०६३ तथा बैंकको नियमावली बमोजिम सभा बोलाइएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपूरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको कम्तीमा ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल ६५,५६९ शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनीको उपस्थिति हुनुपर्ने प्रावधान बमोजिम बैंकको नवौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरुको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीको संख्या ९३९ भएको र प्रोक्सी मार्फत १७३ गरि कुल शेयरको ५४.२४ प्रतिशत प्रतिनिधित्व भएको हुंदा कम्पनी

सचिवले साधारण सभाको गणपूरक संख्या पुगेको र प्रचलित कम्पनी कानून अनुसार सभा वैधानिक भएको जानकारी गराउनु भयो ।

७.२ बैंकको नियमावलीमा व्यवस्था भए बमोजिम यस सभाको सभापतित्व सञ्चालक समितिका अध्यक्षज्यूले गर्ने कुरा कम्पनी सचिवले जानकारी गराउँदै दिनको १:०० बजे अध्यक्ष श्री बालकृष्ण प्रसाईज्यूको सभापतित्वमा बैंकको चौथो विशेष साधारण सभा शुरु गर्न अनुरोध गर्नुभयो ।

७.३ सभाका सभापतिले सभा सञ्चालन गर्नु पूर्व उपस्थित सबै शेयरधनी महानुभावहरुलाई स्वागत एवं अभिवादन गर्नुभयो र सभाको कार्य अगाडि बढाउनु भयो ।

## ८. विशेष साधारण सभाको प्रस्तुती :

१. सभाका अध्यक्षज्यूले उपस्थित सबै शेयरधनी महानुभावहरुलाई स्वागत एवं अभिवादन गर्दै पूर्व निर्धारित छलफलको विषय सूची सभामा पढेर सुनाउनु भयो । तत्पश्चात् अध्यक्षज्यूले विषयहरु छलफलका लागि सभा समक्ष पेश गर्नुभयो ।

## ९. छलफलको लागि आह्वान र सहभागी शेयरधनी महानुभावहरु

अध्यक्षज्यूले छलफलका लागी सभा समक्ष पेश गर्नु भएको प्रस्तावहरु उपर आफ्नो जिज्ञासा तथा सुझावहरु दिनका लागी शेयरधनीहरुलाई आव्हान गर्नु हुदाँ नवौं साधारण सभामा मन्तव्य राख्नु हुने सबै शेयरधनी महानुभावहरुले विशेष साधारण सभाका सबै प्रस्तावहरु उपर आफ्नो समर्थन जनाउनु हुदैं उक्त सम्पूर्ण प्रस्तावहरु उपयुक्त रहेको धारणा व्यक्त गर्नु भयो ।

साथै आ-आफ्नो मन्तव्य प्रकट गर्ने क्रममा शेयरधनीहरुले सर्वप्रथम बैंकका अध्यक्ष तथा संचालक र व्यवस्थापनलाई धन्यवाद दिनुभयो र बैंकको उत्तरोत्तर प्रगतिको कामना गर्नुभयो तथा विजया दशमी र दिपावलीको शुभकामना दिनुभयो । बैंकबाट भए गरिएको कार्यहरुको मुल्याङ्कन गरि राम्रा कामको सराहना तथा देखिएका कमी कमजोरीहरु औंल्याउदै आगामी दिनहरुमा सुधार गर्दै लैजानु पर्ने कुरामा जोड दिनु भयो । बैंकको हितको लागी शेयरधनीहरुले आ-आफ्नो तर्फबाट सुझाबहरु प्रस्तुत गर्नुभयो । बैंकसँग संलग्न सबै पक्षलाई धन्यवाद दिनुभयो ।

## १०. सभामा शेयरधनीहरुले प्रकट गर्नु भएको जिज्ञांशा एवं प्रश्नहरुको जवाफ :

छलफल कार्यक्रममा झन्डै २० जना सहभागीहरुले दिनुभएको सुझावलाई संचालक समिति र व्यवस्थापनले सहर्ष ग्रहण गर्ने बताउनुभयो ।

## ११. सभाको निर्णय

छलफलका लागि निर्धारित प्रस्तावहरु तर्फ

## क. विशेष प्रस्तावहरु

१. सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले प्रिमियर फिनान्स लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्न मिति २०७१।११।२० मा दुबैपक्ष बिच गरिएको सहमतीलाई नेपाल राष्ट्र बैंकबाट सैद्धान्तिक सहमति प्राप्त भएको हुँदा उक्त वित्तिय संस्थालाई प्राप्ति (एक्विजिसन) गर्न गरिएको सहमतिलाई अनुमोदन गरियो ।

२. सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले प्रिमियर फिनान्स लिमिटेड लाई प्राप्ति (एक्विजिसन) गर्ने प्रयोजनका लागि मूल्याङ्कन कर्ताबाट प्राप्त प्रिमियर फिनान्स लिमिटेडको चल/अचल सम्पत्ति र दायित्व मूल्याङ्कन प्रतिवेदन (Due Diligence Audit), प्राप्ति (एक्विजिसन) पश्चातका व्यावसायिक अवसरहरु, सम्पत्ति एवं दायित्वको बजार मूल्य, वर्तमान जोखिम अवस्था समेतका आधारमा प्रिमियर फिनान्स लिमिटेडको १० कित्ता शेयरलाई सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको २.८ कित्ता शेयर दिने गरी शेयर मूल्य अनुपात (Share Swap Ratio) कायम गर्ने र प्रिमियर फिनान्स लिमिटेड लाई प्राप्ति (एक्विजिसन) गर्न स्वीकृति प्रदान गर्न स्वीकृति प्रदान गरियो ।

**ग. विविध**

यस सभाको निर्णय पुस्तिका (Minute) मा प्रचलित कानून बमोजिम बैंकका अध्यक्ष र कम्पनी सचिवले प्रमाणित गरि अभिलेख गर्ने निर्णय गरियो ।

**१२. धन्यवाद ज्ञापन तथा सभा विसर्जन**

छलफल तथा निर्णयको क्रम समाप्त भएपछि अध्यक्षज्यूले शेयरधनी महानुभावहरुबाट छलफलमा सकारात्मक तथा सक्रिय रुपले सहभागी हुनुका साथै उहाँहरुबाट आवश्यक मार्ग निर्देशन प्राप्त भएकोमा तथा विशेष साधारण सभा सफलतापूर्वक सञ्चालन एवम् सम्पन्न गर्न आफ्नो अमूल्य समय दिई उपस्थित हुनु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरु तथा अन्य उपस्थित सबै महानुभावहरुलाई धन्यवाद ज्ञापन गर्दै अपरान्ह ०२:३० बजे सभा विसर्जन गर्नुभयो ।

---------------
गणेश राज पोखरेल
कम्पनी सचिव

CITIZENS BANK INTERNATIONAL LTD.
Citizens
YOUR PARTNER FOR PROGRESS
Corporate Office

---------------
बालकृष्ण प्रसाई
अध्यक्ष